# टोल विकास संस्था गठन तथा संचालन निर्देशिका, २०७४

## कार्यपालिकाबाट स्वीकृत मितिः –२०७४/०४/२५

**भूमीकाः**

नेपालको गरिबी न्युनिकरणमा सहयोग पुऱ्याउने अभिप्राय बाट नेपाल सरकारले संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (UNDP) को सहयोगमा सन् १९९७ देखि गाउँ नगर साझेदारी कार्यक्रमको प्रारम्भ गऱ्यो । यसो गर्नुको मूल उद्देश्य भनेको गाउंका सम्भावनाहरुलाई शहरको आर्थिक श्रोतले आड दिने र शहरको आवश्यकतालाई गाउंले पूरा गरी ग्रामीण क्षेत्रको गरीवि निवारण हुनुका साथै शहरमा अन्यत्रबाट आयात हुने बस्तुको आयात घट्छ भने ग्रामीण जीवनको स्तर बृद्धि हुन्छ र स्वरोजगारी, रोजगारीको आधारशिला खडा हुंदै गरीवि निवारणमा टेवा पुग्दछ । आज नेपाल सरकारले घोषणा गरेको नगरहरुमा ७० प्रतिशत भन्दा बढि भुभाग ग्रामीण परिवेशमा गाभिएको छ । यहां कृषि जन्य आर्जनको श्रोत नै जीवन निवार्हको मूल आधारको रुपमा रहेको छ । यस्तो जीवन निवार्हमूखी ग्रामीण जीवन यस गाउँपालिकामा रहेको छ भने अर्को तर्फ आधुनिक सुविधा सम्पन्न सोच, शैली, संस्कार, व्यवहार भएका नागरीक पनि यहाँ बस्दछन् । आजको गाउँपालिकाको मूल चुनौती भनेको निवार्हमूखी गाँउलाई व्यवसायिक, व्यवस्थित र विविधतायुक्त बनाउँदै समृद्ध बनाउन समाजको स्थानीय सामाजिक आवश्यकताहरु प्राथमिकीकरण गर्न एवम् आवश्यकता सम्बोधनका उपायाहरु खोजी गर्न र शहरी क्षेत्रको नागरीकले उपभोग गर्ने बस्तु तथा सेवाहरुको आपूर्ति गरी स्थानीय ग्रामीण क्षेत्रबाट ग्रामीण गरीविनिवारणमा शहरी भूमीका अव्वल बनाउनु रहेको छ । जनप्रतिनिधीहरुको जोसजांगरलाई हातमा हात र कांधमा काध दिएर साथ दिनु अबस्था छ । यस्तो अबस्थामा गाउंपालिका र वडाहरुलाई जोड्न टोल संगठनहरुको व्यवस्था गरीएको छ । प्रत्येक वडा भित्रका वडा बासिहरुको ईच्छा, चाहना र सम्भावना गाउंपालिकासम्म ल्याउने र गाउंपालिकाबाट प्रवाहित सेवाहरुको वारेमा ग्रामिण क्षेत्रहरुमा जानकारी/सूचना दिने माध्यमहरुको खाँचो परेको छ । यसलाई टार्न एवम् गाउँ र शहरको सम्बन्ध आर्थिक, सामाजिक र शासकिय रुपले जोड्न एवम गाउंपालिका/टोल/बस्ति/गाउँहरुमा नागरीकले गरेको राम्रा कामहरुको अनुभव बाँड्न गाउँ/बस्ति स्तरमा नागरीक स्वामित्व भएको एउटा संस्थाको आवश्यकता महशुस गरी यस टोल विकास संस्था गठन तथा संचालन निर्देशिका २०७४, यसै गाउंपालिकाको वि.सं. २०७४ सालमा सम्पन्न स्थानीय व्यवस्थापीका गाउंसभाले पारित गरी लागू गरीने छ ।

## परिच्छेद-१
## संस्थाको गठन नाम, ठेगाना, छापः

१. **संस्थाको नाम : गाउँपालिकाको टोल विकास गठन तथा संचालन निर्देशिकाको अधिनमा रही गठन हुने टोल विकास संस्थाको प्रथम भेलाको बहुमत बाट निर्णय भए बमोजिम सो संस्थाको नाम राख्न सक्नेछ । उक्त नाम नेपालीमा वा नेपाली र अग्रेजी दुवैमा राख्न सक्नेछ ।**

(क) **संस्थाको कार्यालय रहने ठेगाना : निर्देशिकाको अधिनमा रही गठन हुने** टोल विकाससंस्थाको कार्यालय उक्त गठीत टोल विकास **संस्थाको प्रथम भेलाको बहुमतबाट निर्णय भए बमोजिम**को स्थानमा रहने छ ।

(ख) **संस्थाको कार्यक्षेत्र, सिमाना : निर्देशिकाको अधिनमा रही गठन हुने** टोल विकाससंस्थाको कार्य क्षेत्र र सिमाना **संस्थाको प्रथम भेलाको बहुमतबाट निर्णय भए बमोजिम सो टोल भित्रका घरधुरीहरुलाई समेट्ने गरी निर्धारण भए बमोजिम चार किल्ला क्षेत्र भित्र हुनेछ । उक्त क्षेत्रले गठीत टोल विकास संस्थाका** चारकिल्ला भित्रका सबै घरधुरीलाई समेट्नु पर्ने छ ।

२. **परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा :**

(क) " **गाउँपालिकाका** "भन्नाले सन्दकपुर **गाउँपालिकाका**लाई सम्झनु पर्नेछ ।

(ख) "विधान" भन्नाले **टोल विकास संस्था गठन तथा संचालन निर्देशिक, २०७३ को अधिनमा रही गठन हुने टोल विकास संस्थाको** स्वीकृत विधानलाई सम्झनु पर्नेछ ।

(ग) "टोल विकास संस्था" भन्नाले निर्देशिकाको अधिनमा रही गठन तथा संचालन हुने टोल विकास संस्थालाई सम्झनु पर्नेछ ।

(घ) "कार्यविधी तथा निर्देशिका" भन्नाले निर्देशिको परिच्छेद ७ को नियम २२ (१) अन्तर्गतको साधारण सभाले पारित गरी लागू गरेको कार्यविधी तथा निर्देशिकालाई सम्झनु पर्नेछ ।

(ङ) "कार्य समिति" भन्नाले परिच्छेद ५ को नियम १२(१) सम्झनु पर्नेछ निर्देशिको अधिमा रही गठन हुने टोल विकास संस्थाको निर्वाचित कार्य समितिलाई सम्झनु पर्दछ ।

(च) "अध्यक्ष" भन्नाले कार्य समितिको निर्वाचित अध्यक्षलाई सम्झनु पर्दछ ।

(छ) "उपाध्यक्ष" भन्नाले कार्य समितिको निर्वाचित उपाध्यक्षलाई सम्झनु पर्दछ ।

(ज) "सचिव" भन्नाले कार्य समितिको निर्वाचित सचिवलाई सम्झनु पर्दछ ।

(झ) "सहसचिव" भन्नाले कार्य समितिको निर्वाचित सहसचिवलाई सम्झनु पर्दछ ।

(ञ) "कोषाध्यक्ष"भन्नाले कार्य समितिको निर्वाचित कोषाध्यक्षलाई संझनु पर्दछ ।

(ट) "सदस्य" भन्नाले उप समितिका संयोजकहरु पदेन सचिवालयका सदस्य हुने व्यबस्थाई सम्झनु पर्दछ । साथै टोल विकासक्षेत्र भित्र वसोवास गर्ने घरमुली वा घरको प्रतिनिधित्व गरि टोल विकाससंस्थामा अवद्ध हुने सम्पूर्ण घरधुरीलाई समेत सम्झनु पर्नेछ ।

(ढ) "पदाधिकारी" भन्नाले संस्थाको कार्यसमितिका सदस्यहरु समेतलाई जनाउदँछ ।

(ड) "सभा" भन्नाले संस्थाको प्रत्येक बर्षमा हुने साधारण सभालाई सम्झनु पर्नेछ । सो सब्दले समय समय हुने विशेष साधारण सभालाई समेत जनाउने छ ।

(ढ) "उप समिति" भन्नाले संस्थाको बिधान बमोजिम गठन भएका विभिन्न विषयगत समिति समेतलाई सम्झनु पर्दछ ।

(ण) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस निर्देशिका बमोजिम बनेको नियम, विनियम आदेश वा साधारण सभाले तोकेको अन्य बिषय समेतलाई जनाउँदछ ।

३. **संस्थाको छाप र चिन्ह :**

(क) गोलाकार बृत्तभित्र  टोल विकास संस्था, मुनी स्था.२०७४.. लेखिएको बृत्तको माथिल्लो भागमा  टोल विकास संस्था र तल्लो भागमा सन्दकपुर गाउँपालिका,गाउँकार्यपालिका  वडा नं......., इलाम लेखिएको संस्थाको छाप हुनुपर्नेछ ।

(ख) छापको नमूना यस निर्देशिका बमोजिम गठन हुने टोल विकास संस्थाले माथि ३(क) मा उल्लेख भए बमोजिम अनिवार्य रुपमा विधानमा नै उल्लेख गर्नु पर्ने छ ।

## परिच्छेद-२

## उद्देश्यहरु :

**४. संस्थाको उद्देश्य :**

यस  निर्देशिको अधिनमा रही गठन हुने टोल विकास संस्थाको उद्देश्य देहाय बमोजिम हुनेछन् ।

(क) संस्थाको कार्य क्षेत्र र समग्र वडाको सकारात्मक, गुणात्मक र मात्रात्मक रुपमा परिवर्तन र विकास गर्न मद्दत गर्ने ।

(ख) सामाजिक परिर्वतनका सकारात्मक पक्षहरुलाई आत्मसाथ गर्ने ।

(ग) समाजमा शान्ति सुव्यवस्था कायम राख्न सहयोग गर्ने ।

(घ) हरीत **गाउँपालिकाका** निमार्णमा अग्रणी भूमीका निर्वाह गर्ने ।

(ङ) टोल विकाससंस्था भित्र सामाजिक पूंजिको जगेर्ना गर्दै भौतिक, आर्थिक, मानविय एवं वौद्धिक विकासका लागि कार्यरत रहने ।

(च) दीगो विकासका अवधारणा अनुसार टोल विकासक्षेत्र भित्रका योजना तर्जुमा, कार्यान्वयन, अनुगमन आदि जस्ता कार्यहरुमा टोल विकास क्षेत्र भित्रका समुदायको सहभागिताको वृद्धि गराउंदै टोलवासीको जिवनस्तर उकास्न प्रयत्नरत रहने ।

(छ) टोल विकासक्षेत्रभित्र समुदायको चेतना अभिबृद्धि, क्षमता विकास, आर्थिक क्रियाकलाप, स्वास्थ्य र वातावरण निर्माण आदिका क्षेत्रमा विभिन्न क्रियाकलापहरु संचालन  गर्ने ।

(ज) “सभ्यता हाम्रो परिचय, संकृति हाम्रो पहिचान, समृद्ध, समतामूलक, वातारणमैत्री **गाउँपालिकाका** निमार्ण गर्ने हाम्रो अभियान ” **गाउँपालिकाका**को मूल नारालाई सफल पार्न सहयोगी भूमिका निर्वाह गर्ने ।

## परिच्छेद-३
## (सदस्यता)

**५. सदस्यताको वर्गिकरण :**

(क) **कार्यसमितिका सदस्य :**
टोल विकाससंस्थाको साधारण सभाबाट सर्वसम्मती वा निर्वाचनबाट आएका पदाधिकारीहरु कार्यसमितिका सदस्य हुने छन् ।

(ख) **साधारण सदस्य :**
भन्नाले यस निर्देशिका अर्तगत स्वीकृत विधानको पालना गरी तोकिए बमोजिमको रकम भुक्तान गर्ने टोल विकास भित्रका घरधुरीका मूली वा प्रतिनिधी संस्थाको साधारण सदस्य हुनेछन् ।

(ग) टोल विकास क्षेत्रभित्रको सदस्य नवन्ने घरधुरीलाई टोल विकाससंस्थाले उपलब्ध गराउनु पर्ने विभिन्न सहयोगहरु उपलब्ध गराउन टोल विकास सस्था बाध्य हुने छैन ।

(घ) **यस निर्देशिकाको अधिनमा रही गठन तथा संचालन हुने** टोल विकाससंस्थाको नियमलाई बेवास्ता गरि असहयोग गर्ने जो कोहि सदस्यलाई पनि नगरपालिकाबाट उपलब्ध हुने सुविधा बाट बन्चित गराउन तथा अन्य कानूनी कारबाहीका लागि टोल विकास संस्थाले सिफारीस गरी पठाउन सक्नेछ ।

**६. कार्य समितिको सदस्य हुन नसक्ने अवस्थाः**

(क) पदाधिकारीले राजिनामा दिएमा ।

(ख) सदस्यको मृत्यू भएमा ।

(ग) बसाईसरी अन्यत्र गएमा ।

(घ) मगज विग्रिए वा लामो समय सम्म निको नहुने गरि विरामी परेमा ।

(ङ) टोल विकाससंस्थाको सम्पूर्ण सदस्य संख्याको दुई तिहाई सदस्यले अविश्वासको प्रस्ताव पारित गरि हटाएमा ।

(च) गाउँपालिकालाई तिर्नु वा बुझाउनु पर्ने कुनै पनि कर तथा दस्तुर गाउँपालिकाले तोकेको समय भित्र नबुझाएमा ।

**७. सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधिः:**

(क) टोल विकास संस्थाको सदस्य वन्नका लागि साधारणसभाबाट पारित भई बेला बेलामा तोकिए बमोजिमको रकम हुने छ ।

(ख) टोल विकासक्षेत्र भित्रका घरधुरीले तोकिएको सदस्यता शुल्क तथा सेवा शुल्क बुझाई सदस्यता प्राप्त गर्न सक्ने छन् ।

## परिच्छेद-४

## टोल विकास संस्थाले गर्ने कार्यहरु:

**८. सामान्यतया टोल विकाससंस्थाले देहयका कार्यहरु गर्नेछ :**

(क) गाउँपालिका र गठित टोल विकास संस्थाको क्षेत्राधिकार भित्र रहेको नागरीकहरुका वीच जोड्ने सेतुको रुपमा काम गर्ने ।

(ख) लक्षित वर्गहरुलाई नेपाल सरकारबाट दिईने सामाजिक सुरक्षा भत्ता/बृत्तिका लागि नामावली संकलन तथा अद्यावधिक गर्ने, लगत कट्टा गर्ने लगायतका कार्यमा गाउँपालिकालाई सहयोग गर्ने ।

(ग) गाउँपालिका क्षेत्रलाई हरीत गाउँपालिकामा परीणत गर्ने गाउँपालिकाको लक्ष्यलाई मूर्तता दिन बृक्षारोपण तथा संरक्षण लगायतका कार्यहरुमा सहयोग गर्ने ।

(घ) गाउँपालिकाबाट विनियोजन भएको बजेट टोल विकास संस्था क्षेत्र भित्र खर्च तथा व्यवस्थापनमा सहयोग गर्ने ।

(ङ) सामाजिक तथा आर्थिक बिकासका लागि जनसहभागिता जुटाउने र सहयोगी निकायहरुसंग समन्वय गरी सहयोग जुटाउँदै टोल बिकासका कार्यहरु गर्ने ।

(च) तालीम तथा प्रबिधीमा बिशेष जोड दिई टोलबासीहरुको चेतना, ज्ञान, सीप, स्वच्छ वातावरण निर्माण र क्षमता अभिबृद्धि गराई मानव संसाधन बिकासमा जोड दिने ।

(छ) सभ्य समाजको अवधारणा अनुसार एक आपसमा सौहार्दता कायम गर्दै टोलमा आईपरेका समस्याहरु समाधान गर्ने ।

(ज) महिला वाल वालिका तथा पिछडिएका वर्ग तथा जनजातीको विकासको लागि सम्वन्धित क्षेत्र तथा निकायमा पहल गर्दै आवश्यक सहयोग जुटाउने ।

(झ) गाउं तथा नगरको अन्तरसम्बन्ध कायम हुने कार्यक्रमहरु तयार गरी टोलवासीहरुलाई आत्मनिर्भरतातिर अघि वढाउन सहयोग तथा प्रोत्साहित गर्ने ।

(ञ) टोलमा गरिवी निवारणको कार्यमा सहयोग तथा सघाउ पुऱ्याउने ।

(ट) सदस्यहरुबाट नियमित वचत संकलन तथा परिचालन अनिवार्य गर्ने ।

(ठ) सदस्यहरुलाई उद्यमशिलतातर्फ अग्रसर गराउन आफ्नो स्वलगानी तथा संघ संस्थाबाट ऋण लिई उद्यम संचालनमा उत्प्रेरित गर्ने ।

(ड) लैंगिक विकास, सामाजिक समावेशिकरण, स्वास्थ्य सरसफाई तथा वातावरण संरक्षण संम्वन्धि कार्यहरुमा  जोड दिने ।

(ढ) टोल विकास संस्थाले निर्णय गरे बमोजिम गाउँपालिकालाई सभ्य र समुन्नत बनाउन अन्य कार्यहरु गर्ने ।

## पदाधिकारीहरुको काम, कर्तब्य र अधिकार :

**९. संस्थाका पदाधिकारीहरुको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछन् ।**

**(क) अध्यक्ष:**

(१) कार्य समिति र साधारण सभाको बैठकको संयोजन तथा अध्यक्षता गर्ने ।

(२) साधारण सभाबाट स्वीकृत वार्षिक कार्यक्रमहरु, संस्थाका अन्य कार्यक्रमहरु, योजना/परियोजनाहरुको कार्यान्वयन गर्ने / गराउने ।

(३) साधारण सभा तथा कार्य समितिका निर्णयहरु कार्यान्वयन गर्ने/गराउने ।

(४) छलफलको निर्णयको क्रममा मत बराबर भएमा निर्णायक मत दिने ।

(५) संस्थाको लक्ष्य, उद्देश्य प्राप्ती तथा ख्याति आर्जनका लागि समग्र संस्था, पदाधिकारी, सदस्य तथा कर्मचारीहरुलाई मार्गदर्शन, प्रेरणा, प्रोत्साहन दिंदै प्रभावकारी नेतृत्व प्रदान गर्ने ।

(६) संस्था भित्र वा बाहिर संस्था प्रमुखको हैसियतले प्रतिनिधित्व गर्ने, संस्था तथा संस्थाका कृयाकलापहरुको पैरवी गर्ने ।

(७) सरकारी, गैरसरकारी तथा निजी संघ संस्थाहरु संग साझेदारी तथा सहकार्यका लागि समन्वय तथा सम्बन्ध विस्तार गर्ने ।

(८) संस्थाका कार्यक्रम एवं बिभिन्न क्रियाकलापहरुको अनुगमन गरी पृष्ठपोषण दिने ।

(९) आफ्नो अनुपस्थितिमा वा आवश्यकता अनुसार उपाध्यक्ष वा समितिका अन्य पदाधिकारीहरुलाई अधिकार प्रत्यायोजन गर्ने ।

**(ख) उपाध्यक्षः**

(१) संस्थाको लक्ष्य/उद्देश्य हासिल गर्ने तथा तय गरिएका योजना तथा कार्यक्रमहरु कार्यान्वयन तथा अनुगमन गर्नका लागि अध्यक्षलाई सहयोग गर्ने ।

(२) अध्यक्षको अनुपस्थितिमा निजले गर्ने सबै काम, कर्तव्य तथा जिम्मेवारी वहन गर्ने ।

**(ग) सचिवः**

(१) कार्य समितिका निर्णयहरु कार्यान्वयन गर्ने/गराउने ।

(२) संस्थाको उद्देश्य प्राप्तिका लागि सक्रिय रहने ।

(३) वार्षिक कार्यक्रम निर्माण तथा बजेट तर्जुमा गर्नका लागि कोषाध्यक्षलाई आवश्यक सहयोग गर्ने तथा परामर्श दिने ।

(४) संस्थाको दैनिक कार्य सम्पादन गर्ने र अन्य निकायहरुसंग सम्पर्कको काम गर्ने/गराउने ।

(५) अध्यक्षसंग परामर्श गरी कार्य समितिको बैठक वोलाउने, बैठकमा प्रस्तावहरु पेश गर्ने तथा निर्णयहरुको अभिलेख राख्ने ।

(६) कार्य समितिको निर्णय कार्यान्वयन गर्ने गराउने साथै संस्थाको तर्फबाट पत्राचार गर्ने ।

(७) संस्थाबाट भए/गरेका काम कार्यवाही तथा कृयाकलापहरुको अभिलेख एवं प्रतिवेदन तयार गर्ने

(८) कार्य समिति तथा साधारण सभाको निर्णय तथा प्राप्त जिम्मेवारी अनुरुप संस्थाको जनशक्ति विकास तथा परिचालन विनियम, कर्मचारी प्रशासन विनियम लगायत अन्य आवश्यक नियम, विनियमका मस्यौदा निर्माण गरी कार्य समितिको बैठकमा पेश गर्ने ।

(९) अध्यक्ष र उपाध्यक्ष दुवैको अनुपस्थितिमा कार्य समितिको बैठकको अध्यक्षता गर्ने ।

**(घ) सहसचिवः**

(१) सचिवको काम काजमा सहयोग पुर्‍याउने ।

(२) सचिवको अनुपस्थितिमा सचिवले गर्ने सबै कार्यहरु गर्ने ।

(३) अन्य तोकिएको कार्यहरु गर्ने ।

**(ङ) कोषाध्यक्षः**

(१) संस्थाको चल/अचल सम्पति तथा कोषको जिम्मा लिने र संस्थाको हरहिसाव तथा अभिलेख अद्यावधिक गरी राख्ने ।

(२) कोषको व्यवस्था र नियन्त्रणका लागि समितिमा राय सुझाव पेश गर्ने ।

(३) कार्य समिति तथा साधारण सभाको निर्णय तथा प्राप्त जिम्मेवारी अनुरुप संस्थाका आर्थिक नीति, नियम, विनियम आदिको मस्यौदा तयार गरी कार्य समितिको बैठकमा पेश गर्ने ।

(४) कार्य समितिको परामर्शमा सचिवसंग समन्वय गरी वार्षिक कार्यक्रम निर्माण तथा बजेट तर्जुमा गरी स्वीकृतिका लागि साधारण सभामा पेश गर्ने ।

(५) कार्य समिति, वार्षिक साधारण सभा तथा कार्य समितिसंग परामर्श गरी आवश्यकता अनुसार सम्बन्धित निकायहरुमा आवधिक आर्थिक प्रतिवेदन पेश गर्ने ।

**(च) सदस्यहरुः**

(१) कार्य समितिको बैठकमा प्रस्तावहरु प्रस्तुत गर्ने, छलफल तथा निर्णय गर्ने ।

(२) समिति तथा साधारण सभाद्वारा तोकिएका जिम्मेवारी तथा अधिकारहरु वहन गर्ने ।

(३) संस्थाका वार्षिक कार्यक्रमहरु कार्यान्वयन तथा अनुगमन गर्न सक्रियतापूर्वक लाग्ने ।

(४) संस्थाको उद्देश्य हासिल गर्न गराउनका लागि नयां विचार तथा कार्यक्रमहरु प्रस्तावित गर्ने ।

## परिच्छेद-५
## साधारण सभा तथा कार्य समितिको काम, कर्तब्य तथा अधिकार सम्वन्धी व्यवस्थाः

**१० यस निर्देशिकाको अधिनमा रही गठन हुने टोल विकास संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछ :**

**(क) साधारण सभा :**

(१) साधारण सभा संस्थाको सर्बोच्च निकाय हुनेछ । साधारण सभाको बैठक सामान्यतयाः वर्षमा एक पटक बस्नेछ । यस निर्देशिका बमोजिम स्वीकृत विधानको अधिनमा रही बनेका कार्य समितिका सदस्यहरु र साधारण सदस्य सहितको साधारण सभा हुनेछ ।

(२) कार्य समितिको निर्णयबाट साधारण सभा बोलाईनेछ । प्रत्येक बर्ष साधारण सभाको बैठक सामान्यतया आर्थिक बर्ष बितेको सातौं महिना भित्र बोलाउनु पर्ने छ ।

(३) साधारण सभाको प्रत्येक बैठकमा कार्य समितिको अध्यक्षले बैठकको अध्यक्षता गर्नुपर्नेछ ।

(४) कार्य समितिको सचिवले साधारण सभाको सचिवको काम गर्नेछ ।

(५) साधारण सभाको बैठक बस्ने मिति, समय र स्थानको सूचना तथा विषससूची बैठक बस्ने दिनभन्दा कम्तीमा पन्ध्र दिन अगावै कार्य समितिको अध्यक्षको निर्देशनमा सचिवले साधारण सभाका सबै सदस्यहरुलाई पठाउनु पर्नेछ ।

(६) साधारण सभाको बैठकमा सकेसम्म शत्प्रतिशत उपस्थिति गराउनु पर्नेछ । सो हुन नसकी तत्काल दोश्रोपटक बैठक बोलाउनु पर्ने भएमा तत्काल कायम रहेको सदस्य संख्याको एकाउन्न प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(७) साधारण सभाका एक तिहाई सदस्यहरुले कुनै खास विषयमा छलफल गर्न बैठक वोलाई पाउँ भनी अध्यक्ष समक्ष लिखित अनुरोध गरेमा त्यसरी अनुरोध गरेको मितिले तीस दिनभित्र साधारण सभाको विशेष बैठक बोलाउनु पर्नेछ ।

(८) साधारण सभामा सबै तहका समितिका सदस्यहरुले भाग लिन सक्नेछन् र सबै लाई मतदानको अधिकार हुनेछ ।

**११. साधारण सभाको काम कर्तव्य र अधिकार :**

(१) विधान बमोजिम कार्य समितिको पदाधिकारी चयन गर्ने ।

(२) संस्थाको काम कार्वाही एवं संस्थाको कार्य प्रगतिको समिक्षा गर्ने र कार्य समितिलाई निर्देशन दिने ।

(३) संस्थाको बार्षिक प्रतिवेदन, लेखा परिक्षण प्रतिवेदन माथि छलफल गरी अनमोदन गर्ने ।

(४) संस्थाको वार्षिक कार्यक्रम अनुमोदन गर्ने । संस्थाका लागि आवश्यक कर्मचारीहरुको दरबन्दी स्वीकृत गरी नियुक्तिको मापदण्ड तय गर्ने ।

(५) लेखा परिक्षकको नियुक्ति गर्ने, पारिश्रमिक तोक्ने वा उक्त प्रयोजनका लागि कार्य समितिलाई अधिकार प्रत्यायोजन गर्ने ।

(६) सम्झनु पर्नेछ संस्थाद्वारा संचालित कार्यक्रमका लागि आवश्यक ठानेमा संस्थाको विधानको अधिनमा रही विभिन्न उपसमितिहरु गठन गर्ने वा गठन गर्नका लागि कार्य समितिलाई अधिकार प्रत्यायोजन गर्ने ।

(७) संस्थाका पदाधिकारी तथा सदस्य विरुद्ध दर्ता भएको अविश्वासको प्रस्ताव, संस्थाको आर्थिक, भौतिक सम्पतिको हिनामिना वा दुरुपयोगको आरोप र संस्थाको हित विपरित अवान्छित कृयाकलाप गरेको आरोप माथि छलफल तथा निर्णय गरी कार्यवाहीका लागि सिफारिस गर्ने ।

(८) कार्य समितिले प्रस्तुत गरेको वार्षिक प्रतिवेदनको समिक्षा गरी अनुमोदन गर्ने ।

(९) संस्थाको अधिकतम हितको लागि बिभिन्न कार्यहरु गर्ने ।

(१०) अबिश्वासको प्रस्ताव उपर छलफल गरी निर्णय प्रदान गर्ने ।

(११) आरोपित पदाधिकारीहरुको छानवीन सम्बन्धमा साधारण सभाले उपसमिति गठन गरी अधिकार प्रत्यायोजन गर्न सक्नेछ । आरोपित व्यक्तिले अपिल वा पुनरावेदन गर्न पाउनेछ ।

## १२. कार्यसमितिः

(१) कार्यसमितिको चयन बार्षिक साधारण सभाद्वारा हुनेछ । कार्यसमितिमा देहाय बमोजिम पदाधिकारीहरु रहनेछन् ।

(क) पदाधिकारीहरुः

*(१) अध्यक्ष*
*(२) उपाध्यक्ष*
*(३) सचिव*
*(४) सहसचिव*
*(५) कोषाध्यक्ष र*
*(६) सदस्यहरु*

(२) कार्यसमितिको कार्यकाल ३ बर्षको हुनेछ ।

(३) साधारणसभा हुनु अगावै कार्यसमितिको सदस्यको कुनै पद रिक्त हुन आएमा बाँकी अवधिका लागि रिक्त सदस्यको पदपूर्ति कार्य समितिद्धारा गर्न सकिने छ । कुनै सदस्यको पद बीचैमा रिक्त भई उक्त पदमा पदपूर्ति भएको सदस्यको कार्यकाल रिक्त भएको सदस्यको बांकी कार्यकाल सम्मको लागि मात्र हुनेछ । तर ३ महिना भन्दा कम अवधिको लागि रीक्त कुनै पनि पदमा पदपूर्ती गरीने छैन ।

(४) कार्यसमितिको बैठक कम्तिमा महिनामा एक पटक बस्नु पर्नेछ । अन्य अबस्थामा आवश्यकतानुसार अध्यक्षबाट थप बैठकको आह्वान गर्न सक्नेछ । कुनै बिषयमा बैठकबसी निर्णय गर्न आवश्यक छ  भनी कार्य समितीका जम्मा सदस्य संख्याको ५१ प्रतिशत सदस्यले माग गरेमा अध्यक्षले कार्य समितिको बैठक बोलाउनु पर्नेछ ।

(५) सदस्यहरुको जम्मा संख्याको कम्तिमा ५१ प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकको गणपुरक संख्या मानिने छ ।

(६) कार्य समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछन् । अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्ष पनि नभएमा सचिवले बैठकको अध्यक्षता गर्नेछन् ।

(७) कार्यसमितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षको निर्णायक हुनेछ ।

(८) कार्यसमितिको बैठकमा छलफल भएको बिषय र तत् सम्बन्धमा भएको निर्णयको बिबरण ( माईन्यूट) निर्णय पुस्तिकामा लेखिराख्नु पर्दछ । र सो निर्णय बिबरणमा बैठकमा उपस्थित् सम्पूर्ण सदस्यहरुको कम्तिमा ५१ प्रतिशतले सही गर्नुपर्नेछ ।

(९) टोल विकास संस्थाले गर्ने भनिएका सम्पूर्ण कार्यहरु कार्यसमितिको बैठकबाट निर्णय गरी कार्यान्वयन गर्नुपर्नेछ ।

(१०) टोल विकास संस्थाको कार्य समितिमा परिच्छेद ५ को दफा १२ (१) क अनुसार नौ देखी पन्ध्र जना सम्म सदस्य रहनु पर्ने छ । उक्त समितिमा तेतीस प्रतिशत महिलाको प्रतिनिधीत्व अनिवार्य रुपमा हुनुपर्नेछ, साथै पदाधिकारीहरु मध्ये एक जना महिला अनिवार्य रुपमा रहनु पर्नेछ ।

(११) **तदर्थ समिति :**

**क**) टोल विकास संस्था गठनको प्रारम्भमा कम्तीमा एकाउन्न घरधुरी सदस्यहरुको भेला भई उक्त भेला बाट एक तदर्थ समिति गठन गर्नुपर्नेछ ।

**ख**) तदर्थ समितिको संख्या र प्रतिनिधीत्व दफा १० बमोजिम हुनेछ ।

**ग**) तदर्थ समिति गठन गर्दा नगरपालिकाको कार्यालय प्रतिनिधीको अनिवार्य उपस्थितिमा गठन हुनुपर्नेछ ।

**घ) दफा ११ बमोजिम गठित** तदर्थ समितिले टोल विकास संस्था स्वीकृत भए पछि ६ महिना भित्र साधारण सभा गराई नयाँ कार्य समिति चयन गर्नु पर्नेछ । सो साधारण सभामा गाउंपालिका प्रतिनिधिलाई अनिवार्य आमन्त्रण गर्नु पर्ने ।

(१२) परिच्छेद ५ को दफा १२ बमोजिम गठित कार्य समिति समावेशी प्रकृतिको हुनुपर्नेछ ।

## परिच्छेद-६
## आर्थिक व्यवस्था

**१४. संस्थाको आम्दानीका श्रोतहरु देहाय बमोजिम हुनेछन् :**

(१) सदस्यहरुबाट भएको बचत र वचतको लगानी बाट असुली भएको व्याज ।

(२) विभिन्न निकायहरुबाट प्राप्त सहयोग, अनुदान, दान दातव्य बाट प्राप्त रकम ।

(३) नगरपालिका, नेपाल सरकार वा नेपाल सरकारको कुनै निकाय बाट प्राप्त हुने रकम ।

(४) गैर सरकारी संघ संस्थाहरुबाट प्राप्त हुने अनुदान सहयोग रकम ।

(५) ऋण लगानी र संस्थालाई प्राप्त अन्य सेवा शूल्कहरु ।

(६) अन्तराष्ट्रिय गैर सरकारी संस्थाबाट प्राप्त हुने सहयोग तथा अनुदान रकम । (तर त्यस्तो रकम वा सहयोग लिनु पूर्व नगरपालिकाको स्विकृति लिनु पर्नेछ ।

**१४. कोषको संचालन :**

(१) टोल विकास संस्थामा प्राप्त हुने सबै प्रकारका रकमहरु टोल विकास संस्थाको नाममा पायक पर्ने स्थानीय बैंकमा खाता खोली कोषको संचालन गर्नुपर्नेछ ।

(२) कोषको रकम आर्थिक नियमावली बमोजिम संचालन हुनेछ । तर आर्थिक नियमावली नबनेसम्म प्रचलित आर्थिक कानुनको अधिनमा रही कार्य समितिको निर्णयबाट संचालन हुनेछ ।

(३) कोषको खाता अध्यक्ष, सचिव र कोषाध्यक्ष तीनजना मध्ये कोषाध्यक्ष अनिवार्य रहने गरी तीन जनाको हस्ताक्षरबाट संचालन हुनेछ । सो कोषको खाता संचालन समितिमा एक जना महिला अनिवार्य हुनुपर्नेछ ।

(४) टोल विकाससंस्थाको कोष परिचालन संस्थाको आफ्नै निर्णय बाट हुनेछ ।

**१५. टोलवासीको बचत परिचालन :**

(१) टोलवासी विच सजिव सम्बन्ध कायम राख्न टोल विकास संस्थाको सदस्यहरुको सामूहिक निर्णयमा सदस्यहरुबाट नियमित बचत गर्नुपर्नेछ ।

(२) उक्त बचतको हिसाव किताव पारदर्शि रुपमा प्रष्ट राखि बचत कर्ताहरुकै निर्णय अनुसार परिचालन गर्नुपर्नेछ ।

(३) बचत रकमको व्याजदर टोल विकाससंस्थाको साधारण सभाले तय गरे अनुसार हुनुपर्नेछ ।

(४) बचतकर्ताले वचत गरेको रकम फिर्ता लिन चाहेमा टोल विकाससंस्थाले बनाएको बचत नियम अनुसार फिर्ता लिन सक्नेछ ।

(५) गाउंपालिकाले माग गरेको बखत संस्थाले आफ्नो बार्षिक आय व्ययको विवरण गाउंपालिकालाई १५ दिन भित्र उपलब्ध गराउनु पर्नेछ ।

**१६. ऋण प्रवाह :**

(१) सदस्यहरुबाट बचत गरिएको रकम सदस्यहरुकै आवश्यकता परिपूर्तिका लागि ऋण प्रवाह गर्नुपर्नेछ ।

(२) ऋण प्रवाह गर्दा लिइने व्याजदर टोल विकास संस्थाको साधारण सभाले निर्णय गरे वमोजिम हुनुपर्नेछ । उक्त व्याज दर नेपाल सरकारको वित्तिय संस्थाहरु सँग मिल्दोजुल्दो रुपमा हुनुपर्नेछ ।

**१७. चल/अचल सम्पत्तिको विवरण :**

(१) टोल विकाससंस्थाको अचल सम्पतिहरु लाई साधारण सभाको अनुमति लिएर मात्र बिक्री बितरण गर्नुपर्नेछ ।

(२) संस्थाको चल/अचल सम्पत्तिको विवरण प्रत्येक वर्ष अध्यावधिक गरी अभिलेखमा दुरुस्त गरी राख्नुपर्नेछ, कार्य समितिको पूनर्गठन हुंदा नयाँ समितिलाई बरबुझारथ गर्नुपर्नेछ ।

## १८. लेखापरिक्षण/नवीकरण

(१) प्रत्येक आर्थिक वर्ष समाप्त भएको बढीमा तीन महिना भित्र कार्य समितिले तोकेको व्यक्ति वा ईजाजत प्राप्त लेखा परिक्षक बाट संस्थाको सम्पूर्ण आर्थिक कारोबार, नगद तथा जिन्सीको लेखा परिक्षण गर्नुपर्नेछ ।

(२) लेखा परिक्षण प्रतिवेदन सम्लग्न राखि प्रत्येक बर्षको पौष मसान्त भित्र गाउंपालिकामा संस्था नवीकरण गर्नुपर्नेछ । तीन बर्ष सम्म लेखापरिक्षण तथा नवीकरण नगर्ने टोल विकास संस्थालाई गाउंपालिकाले कुनै पनि बेला खारेज गर्न सक्नेछ ।

(३) संस्था दर्ता तथा नवीकरण शुल्क गाउंपालिकाले तोकेबमोजिम हुनेछ ।

## परिच्छेद-७
## विविध

**१९. निर्वाचन सम्बन्धी ब्यबस्थाः**

(क) **निर्वाचन समिति :**

(१) निर्वाचनलाई नेपालको प्रचलित पद्धति अनुरुप संचालन गर्नुपर्नेछ ।

(२) संस्थाको कार्य समितिको निर्वाचन प्रयोजनको लागि साधारण सभाले बढीमा ३ सदस्यीय निर्वाचन समिति नियुक्ति गर्नेछ, जसमध्ये एक जनालाई संयोजक तोकिनेछ र सोही समितिले आवश्यक प्रकृयाहरु पुरा गरी कार्यसमितिको निर्वाचन गर्नेछ । सो समितिमा एक जना महिला अनिवार्य रुपमा हुनपर्नेछ ।

(३) सामान्यतया कार्य समितिको कार्यकाल समाप्त हुनभन्दा १ महिना अगावै नयाँ कार्य समितिको लागि निर्वाचन सम्पन्न गर्नुपर्नेछ ।

(४) निर्वाचन समितिमा तत्कालिन कार्य समितिका कुनै पनि पदाधिकारी रहन सक्ने छैनन् ।

(५) निर्वाचन समितिको काम, कर्तव्य तोकिए बमोजिम हुनेछ । निर्वाचन सम्पन्न भएपछि निर्वाचन समिति स्वतः बिघटन हुनेछ ।

(ख) **निर्वाचनको बिधी :**

(१) कार्यकारिणी समितिको निर्वाचन साधारण सभाको बहुमतद्वारा हुनेछ । कुनै पद वा सदस्यताका लागि एक भन्दा बढी उम्मेदवारी भएमा गोप्य मतदानद्वारा निर्वाचन हुनेछ ।

(२) सम्झनु पर्नेछ संस्थाको पदाधिकारीको लागि हुने निर्वाचनमा उम्मेदवारी दिन चाहने सदस्यले तोकिएको ढाँचामा निवदेन गर्नु पर्नेछ ।

(३) मतदान गर्ने अधिकार संस्थाको मानार्थ वाहेकका अन्य सबै किसिमका सदस्यहरुलाई प्राप्त हुनेछ ।

(४) कार्यकारिणी समितिका पदाधिकारीहरुको निर्वाचनमा कुनै पदमा उम्मदेवारहरुले बराबरी मत प्राप्त गरेको खण्डमा गोला हालेर अन्तिम निर्णय गर्नुपर्नेछ ।

(५) संस्थाको विधान बमोजिम गठित साधारण सभामा मतदान गर्न पाउने बिभिन्न समितिका सदस्यलाई कार्यकारिणी समितिको निर्वाचनमा उम्मेदवार हुने अधिकार हुनेछ ।

(६) संस्था दर्ता भएको ६ महिनाभित्र विधान अनुसार निर्वाचनद्वारा विधिवत कार्य समितिको गठन गरी सोको जानकारी स्थानीय अधिकारी समक्ष दिनुपर्नेछ ।

(७) निर्वाचन सम्बन्धी कुनै विवाद उत्पन्न भएमा निर्वाचन समितिको निर्णय अन्तिम हुनेछ ।

**२०.अविश्वासको प्रस्ताव :**

(१) साधारण सभाका २५ प्रतिशत सदस्यले कुनै सदस्य, पदाधिकारी वा कार्यसमिती प्रति विश्वास छैन भन्ने ठानेमा लिखित रुपमा साधारण सभा समक्ष अविश्वासको प्रस्ताव पेश गर्न सक्नेछन्

(२) अविश्वासको प्रस्ताव राखी कुनै सदस्य तथा पदाधिकारीलाई हटाउन सो प्रस्तावलाई साधारण सभाका कूल सदस्यहरुको दुई तिहाई बहुमतबाट पारित गर्नुपर्दछ । दुईतिहाई सदस्यबाट उक्त प्रस्ताव पारित भएपछि कुनै ब्यक्ति वा पदाधिककारी आफू रहीरहेको पदबाट स्वतः हटेको मानिनेछ ।

(३) अविश्वास गरिएको पदाधिकारीलाई अविश्वासको प्रकृया बढाउनु अगाडि सफाई दिने मौका प्रदान गर्नुपर्नेछ ।

(४) अविश्वास गरिएको व्यक्तिले आफनो सफाई र आफु उपर गरिएको अविश्वास सम्वन्धमा साधारण सभामा कुरा राख्नेछन्  र निजलाई सफाईका लागि पन्ध्र दिनको समयावधी प्रदान गर्नुपर्नेछ ।

(५) जुन पदाधिकारी उपर अविश्वासको प्रस्ताव ल्याइएको छ सो पदाधिकारीले सो प्रस्तावसंग सम्बन्धित छलफल र निर्णय गर्न, अध्यक्षता ग्रहण गर्न वा मतदानमा भाग लिन पाउने छैन ।

(६) कुनै पदाधिकारी विरुद्ध ६ महिना भित्र एक पटक भन्दा बढि अविश्वासको प्रस्ताव ल्याउन पाईने छैन ।

**२१. विधान संशोधन :**

(१) टोल विकास संस्थाको बिधानको कुनै अंश वा सम्पूर्ण बिधानलाई संशोधन गर्न आवश्यक छ भनी कार्यसमितिका बहुमत सदस्यहरुलाई लागेमा कार्य समितिका कुनै एक पदाधिकारीको संयोजकत्वमा अन्य सदस्यहरु समेत रहने गरी एक विधान संशोधन उपसमिति गठन गर्न सक्नेछ ।

(२) उक्त उपसमितिले आवश्यकता अनुसार कार्यसमिति, साधारण/आजिवन सदस्य लगायत अन्य बुद्धिजिवी, कानुनविदहरु समेतसंग परामर्श तथा सुझाव संकलन गरी मस्यौदा विधान तयार गरी कार्य समितिमा पेश गर्न सक्नेछ ।

(३) विधान संशोधन मस्यौदा उपसमितिबाट प्रस्तुत विधान कार्य समितिमा छलफल गरी साधारण सभामा आवश्यक छलफल र निर्णयका लागि पेश गर्नुपर्नेछ ।

(४) संशोधित विधानको अंश वा पुरै बिधानलाई साधारण सभाको कूल सदस्य संख्याको कम्तिमा दुईतिहाई  बहुमतबाट पास गरेपछि कुनै दफा संशोधन वा खारेजका लागि स्थानीय अधिकारी समक्ष सिफारिस गरी पठाउनु पर्नेछ  (स्थानीय अधिकारी भन्नाले गाउंपालिकाको अध्यक्ष र कार्यकारी अधिकृत लाई जनाउने छ ) । स्थानीय अधिकारी समक्ष पेश भएको संशोधन प्रस्ताव पेश भएको मिति वाट १५ दिन भित्र निर्देशिका मुताविक सवै प्रकृया पूरा भएको भए स्वीकृत गर्नु पर्ने छ । स्थानीय अधिकारीबाट स्वीकृत भए पश्चात मात्र संस्थाको कुनै दफा संशोधन वा खारेज भएको मानिने छ ।

**२२. कार्यविधी तथा निर्देशिका वनाउन सक्ने :**

(१) संस्थाले आफनो कार्य सम्पादन गर्ने सन्दर्भमा बिधानको प्रतिकूल नहुने गरी आवश्यक कार्यविधी तथा निर्देशिका वनाउन सक्नेछ र साधारण सभाले पारित गरे पश्चात सोको जानकारी गाउंपालिका कार्यालयलाई दिनु पर्ने छ ।

**२३. बाह्य सम्बन्ध विस्तार :**

(१) टोल विकासको लागि सहयोग पुर्‍याउने दात्री निकाय, संघ संस्था , संगठन तथा अन्य निकायहरु संग सुमधुर सम्बन्ध कायम गरि टोलविकासका गतिविधिहरु संचालन गर्नुपर्नेछ ।

(२) टोल विकास संस्थाले बाह्य सम्बन्ध विस्तार गर्दा गाउंपालिकाको अनिवार्य रुपमा स्वीकृती लिएर मात्र गुर्न पर्ने छ ।

**२४.अन्तरसम्बन्ध विकास :**

(१) वडा, वडा नागरीक मञ्च, नागरीक सचेतना केन्द्र र गाउंपालिका संग समन्वय राखि टोल वस्तीको विकास तथा समस्या समाधानमा टोल विकाससंस्थाले सक्रिय भुमिका खेल्नुपर्ने छ ।

(२) टोल विकास संस्थाले वडा, वडा नागरीक मञ्च, नागरीक सचेतना केन्द्र र गाउंपालिकाले संचालन गर्ने सामाजिक तथा विकास निर्माणका गतिविधीहरुमा समन्वय तथा सक्रिय सहभागिता र समस्या समाधानमा सहयोग गर्नुपर्नेछ  ।

(३) वडा, वडा नागरीक मञ्च, नागरीक सचेतना केन्द्र र गाउंपालिका संग सुमधुर सम्बन्ध कायम गरि सहभागितात्मक गाउं विकास योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन र

मुल्याङ्गकनमा सहयोग पुऱ्याई गाउं विकासको कार्यमा टोलको श्रोत र साधनको समुचित परिचालन गरि जनसहभागिताको माध्यमबाट सहयोग गर्नुपर्नेछ ।

(४) टोल विकास संस्थाले छिमेकी गाउंपालिका तथा विश्व परिवेशमा भएका सकारात्मक कुराहरुको वडा, वडा नागरीक मञ्च, नागरीक सचेतना केन्द्र लगायतलाई सिकाईको रुपमा आदान प्रदान गर्नु पर्नेछ ।

**२५. निर्णयः**

(१) सामान्यता संस्थाका सदस्यहरुको सर्वसम्मतिबाट निर्णय गरिन्छ । सर्वसम्मतबाट निर्णय गर्ने प्रयत्न गर्दा गर्दै पनि निर्णय हुन नसकेको अवस्थामा दुई तिहाइको निर्णयले कार्यान्यन गर्नुपर्नेछ र अल्पमतको रायको कदर गर्दै सुरक्षित राखी सदस्यहरुले चाहेमा अर्को बैठकमा छलफल गरी पुनः बिचार गर्न सकिनेछ ।

**२६. मध्यस्थता :**

(१) सदस्यहरु बिचमा बिबाद सिर्जना भएमा पदाधिकारीबाट मध्यस्थता गर्नुपर्नेछ । पदाधिकारीहरु र सदस्यहरुबिच बिबाद भई समाधान हुन नसकेमा वडा नागरीक मञ्च वा गाउंपालिकाले मध्यस्थता गर्ने छ ।

**२७. बचाउ :**

(१) यस निर्देशिकामा लेखिएका कुराहरु यसै निर्देशिका बमोजिम हुने छ । अन्य कुराहरुको हकमा प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

२८.विविध :

(१) प्रचलिन ऐन, कानून, टोल विकास गठन संचालन निर्देशिका विपरीत टोल विकास संस्था संचालन गरेको पाईएमा गाउंपालिकाले जुनसुकै बखत पनि टोल विकास संस्थालाई दर्ता खारेज गर्न सक्नेछ ।

(२) यस निर्देशिकाको अधिनमा रही गठन हुने टोल विकास संस्था २०७४.... को विधान स्वीकृतको लागी तपसिलमा उल्लेखित ढाँचामा रहने गरी कम्तीमा ५१ घरधुरी सदस्य अनिवार्य उपस्थित रही हस्ताक्षर सहितको निर्णय गाउंपालिकामा पेश गुर्नपर्ने छ ।

**टोल विकास संस्था**

**-.सन्दकपुर गाउंपालिका......, इलाम**

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर | परिवार संख्या | महिला | पुरुष | फोन नं. |
|---|---|---|---|---|---|---|---|
| १ | | अध्यक्ष | | | | | |
| २ | | उपाध्यक्ष | | | | | |
| ३ | | सचिव | | | | | |
| ४ | | सहसचिव | | | | | |
| ५ | | कोषाध्यक्ष | | | | | |
| ६ | | सदस्य | | | | | |
| ७ | | सदस्य | | | | | |
| ८ | | सदस्य | | | | | |
| ९ | | सदस्य | | | | | |
| १० | | सदस्य | | | | | |
| ११ | | सदस्य | | | | | |
| १२ | | सदस्य | | | | | |
| १४ | | सदस्य | | | | | |
| १४ | | सदस्य | | | | | |
| १५ | | सदस्य | | | | | |
| १६ | | सदस्य | | | | | |
| १७ | | सदस्य | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १८ | | सदस्य | | | | | |
| १९ | | सदस्य | | | | | |
| २० | | सदस्य | | | | | |
| २१ | | सदस्य | | | | | |
| २२ | | सदस्य | | | | | |
| २४ | | सदस्य | | | | | |
| २४ | | सदस्य | | | | | |
| २५ | | सदस्य | | | | | |
| २६ | | सदस्य | | | | | |
| २७ | | सदस्य | | | | | |
| २८ | | सदस्य | | | | | |
| २९ | | सदस्य | | | | | |
| ३० | | सदस्य | | | | | |
| ३१ | | सदस्य | | | | | |
| ३२ | | सदस्य | | | | | |
| ३४ | | सदस्य | | | | | |
| ३४ | | सदस्य | | | | | |
| ३५ | | सदस्य | | | | | |
| ३६ | | सदस्य | | | | | |
| ३७ | | सदस्य | | | | | |
| ३८ | | सदस्य | | | | | |
| ३९ | | सदस्य | | | | | |
| ४० | | सदस्य | | | | | |
| ४१ | | सदस्य | | | | | |
| ४२ | | सदस्य | | | | | |
| ४४ | | सदस्य | | | | | |
| ४४ | | सदस्य | | | | | |
| ४५ | | सदस्य | | | | | |
| ४६ | | सदस्य | | | | | |
| ४७ | | सदस्य | | | | | |
| ४८ | | सदस्य | | | | | |
| ४९ | | सदस्य | | | | | |
| ५० | | सदस्य | | | | | |
| ५१ | | सदस्य | | | | | |

आज्ञाले
गणेश बहादुर कार्की
प्रमुख प्रशासकीय अधिकृत